नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १८ गते २०३० साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

लुम्बिनी अञ्चल बुटवलमा मूर्तिसाथ पक्राउ परेको आम्बो सोनाम छिरिङ उपर डी. एस्. पी. कार्यालय भैरहवामा कारवाई अनुसन्धान भइरहेको वादी श्री ५ को सरकार प्रत्यर्थी निज छिरिङ भएको मूर्तिसम्बन्धी मुद्दाको उजुरी लिई कारवाई र किनारा गर्न बागमती विशेष अदालतलाई सुम्पिएको छ।

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६७

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६२